# सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रकाशित विवरणहरु

## राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

### स्याङ्जा

२०८३/०४/०७

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम प्रकाशित विवरणहरु

## १. निकायको स्वरुप र प्रकृतिः

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको साविकको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, हालको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको संभागको रुपमा स्याङ्जा जिल्लामा आर्थिक वर्ष २०७३।७४ देखि जिल्लाको पुतलीबजार नगरपालिकाका वडाहरु १,२,३,७,१०,११,१३ र १४, भिरकोट नगरपालिकाका वडाहरु १,२,३,६,७ र ८, वालिङ नगरपालिकाको वडा नं. ४ र अर्जुनचौपारी गाउँपालिकाका वडाहरु १ र २ मा सुन्तला वालीमा व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनमा आई कार्यन्वयन भएकोमा जिल्लाको भौगोलिक सम्भाव्यता तथा जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी एवं सुन्तला उद्यमीहरुको माग र चाहना अनुसार आ.व. २०७५/०७६ देखि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापन इकाई (राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइ) काठमाडौको मिति २०७५।०१।२१ को निर्णयअनुसार सुन्तला जोन वाट स्तरोन्तती भई हाल वृहत व्यावसायीक कृषि उत्पादन तथा औद्योगिक क्षेत्र (सुपर जोन) विकास कार्यक्रम संचालन भई कार्यन्वयनमा आएको छ । यसका साथै आर्थिक वर्ष २०७६।७७ देखि गल्यांग नगरपालिकाभर मसलाबाली (अदुवा।बेसार) जोन सञ्चालनमा छ भने आर्थिक वर्ष २०७८।७९ देखि चापाकोट र गल्यांगमा आँपलिची जोन तथा वालिंग गल्यांग र भीरकोटमा भैंसी जोन सञ्चालनमा आएको छ। साथै कफी सुपरजोन अन्तरगतका कृयाकलापहरु यसै परियोजना कार्यान्वयन एकाइ मार्फत सञ्चालित छन्। साविकमा सम्बन्धित जोन तथा सुपरजोन नामाकरण हुने गरेकोमा २०७५।७६ देखि परियोजनाको पुनर्संरचना भई परियोजना कार्यान्वयन एकाई नामाकरण भई सो अन्तरगत जोन तथा सुरजोन रहने गरेको छ । परियोजना व्यवस्थापन एकाइको २०८१/०९/१६ गतेको निर्णय बमोजिम गाई/भैंसी जोन हाल वालिङ, गल्याङ्, भिरकोट, चापाकोट न.पा.का सबै वडाहरू, पुतलीबजार न.पा. वडा नं. ३,४,१०,११,१३ र १४, फेदीखोला गा.पा. वडा नं. १,२ र ४ मा सञ्चालनमा आएको छ।

**कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८२/०४/०७ को सचिवस्तरको निर्णयानुसार यस परियोजनाको नाम संशोधन भई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम भएको हो।**

# सुपरजोन/जोनको कमाण्ड क्षेत्र

| क. सं. | जोन सुपरजोन | कमाण्ड क्षेत्र |
|---|---|---|
| १ | सुन्तला सुपरजोन | स्याङजा जिल्लाभर |
| २ | मसलाबाली जोन | गल्याङ्ग न.पा., कालीगण्डकी गा.पा., चापाकोट र वालिङ्ग न.पा. |
| ३ | आँप/लिचि जोन | गल्याङ्ग न.पा. १,२,३,९,११ र चापाकोट न.पा.का १० वटै वडाहरु |
| ४ | भैंसी जोन | वालिङ्ग, भीरकोट, गल्याङ्ग र चापाकोट नगरपालिकाका सबै वडा फेदीखोला गाउँपालिका वडा नं. १,२ र ४ र पुतलीबजार नगरपालिका वडा नं. ३,४,१०,११,१३ र १४ |
| ५ | कफी | ५० रोपनी क्लष्टर भएका स्याङजाका सबै वडाहरु |

यस एकाइले सुपरजोन र जोन विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी लक्षित बाली वस्तुको उत्पादनलाई व्यावसायिक बनाउने र सो क्षेत्रमा संलग्न कृषकहरुको आयस्तरमा वृद्धि गरी आत्मनिर्भर बनाउने कार्यमा सहयोग पुर्याउने काम गर्दछ । कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच र समग्र कृषि मूल्य श्रृङखलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मूख दिगो आर्थिक अवसरहरु सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुराउने परियोजनाको लक्ष्य आत्मसात गर्दै विशिष्टिकृत क्षेत्रहरु अन्तर्गत सुन्तला सुपरजोन, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी जोन क्षेत्रमा स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न एकाइ कार्यालयले सेवा प्रदान गरिरहेको छ ।

## २. कार्यक्रम कार्यान्वयन एकाइको उद्देश्यः

कार्यक्रम कार्यान्वयन एकाइ कार्यक्रमको(सुन्तला सुपरजोन) स्याङ्जा जिल्लामा अवस्थित भई, कफी जोन, अदुवा/बेसार जोन, चापाकोट नगरपालिकामा आँप/लिची जोन र वालिङ् नगरपालिकामा गाई/भैंसी जोनको कार्यक्रम सञ्चालन गर्ने हो । मूलतः कार्यक्रमको उद्देश्यलाई सफल पार्न यस एकाइले काम गरिरहेको सन्दर्भमा कार्यक्रमको उद्देश्य नै यस कार्यक्रम कार्यान्वयन एकाइको पनि

उद्देश्य हो । प्रमूख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्र निर्माण गर्ने, निर्यात योग्य कृषि वस्तुहरुको मुल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता बढाउने, कृषिलाई सम्मानजनक, नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरुको सिर्जना गर्ने र बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत सेवा प्रवाहको सुनिश्चिता गर्ने कार्यक्रमका मुख्य उद्देश्यहरुसंग मेल खाने गरी सुन्तला सुपरजोन, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी जोन क्षेत्रमा स्वीकृत कार्यक्रम प्रभावकारी रुपमा र आलु र मकै जोनमा अनुसरण अन्तर्गतका कार्यक्रम सञ्चालन गर्नु नै एकाइ कार्यालयको मुख्य उद्देश्य रहेको छ ।

## ३. निकायको काम, कर्तव्य र अधिकारः

कार्यक्रमको कार्यान्वयन एकाइ भएकोले एकाइले हेर्ने १ वटा सुपरजोन र ४ वटा जोन क्षेत्रमा कार्यक्रमबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्ने एकाइ कार्यालयको मुख्य काम र कर्तव्य हो । प्रचलित ऐन, नियम, कार्यक्रम कार्यान्वयन म्यानुअल र कार्यक्रम सञ्चालनको लागि एकाइ प्रमुखलाई दिएको अख्तियारी एवं बजेट तथा कार्यक्रमका व्यवस्थाहरु नै निकायको काम कर्तव्य र अधिकारको रुपमा स्वीकार गरिएको छ । चालु आ.व. ०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार एकाइ कार्यालयका एउटा सुपरजोन र ४ वटा जोन क्षेत्र अन्तर्गत सञ्चालन हुने गरी प्रस्ताव गरिएका मुख्य कार्यहरु निम्नानुसार रहेका छन् ।

- नर्सरी श्रोत केन्द्र स्थापना ।
- उन्नत प्रविधि सहित क्षेत्रफल बिस्तार (सुन्तला, कफी, आपलिची, अदुवा/बेसार) ।
- साना सिँचाई तथा मर्मत सम्भार (सुन्तला, कफी, आँप/लिची, गाई/भैंसी) ।
- प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालन ।
- प्याकेजिङ्ग, लेबलिङ्ग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि सहयोग ।
- सुन्तला क्षति न्यूनीकरणका लागि जाली सहयोग।
- सुन्तलाजात फलफूल भण्डारणका लागि कोल्डरूम निर्माण सहयोग।
- बगैंचा सुदृढीकरण अभियान तथा वाली संरक्षण सेवा ।
- साना मेशिनरी तथा औजार/उपकरणमा सहयोग ।
- क्षेत्रगत रोग/किरा नियन्त्रण ।

- विगत आ.व. मा निर्माण भएका कृषि पूर्वाधारहरूको प्रभावकारी संचालनका लागि थप सहयोग।
- आकस्मिक बाली संरक्षण सेवा ।
- IPM पाठशाला (सुन्तला, कफी) ।
- अदुवा/बेसारको ब्रान्डिङ् तथा प्याकेजिङ् सहयोग।
- कफीको संकलन, प्राथमिक प्रशोधन, लेभलिङ् प्याकेजिङ्मा सहयोग।
- गोठ/खोर निर्माण तथा सुधार कार्यक्रम ।
- घाँस उत्पादन कार्यक्रम।
- दाना बनाउनका लागि मेशिनरी सहयोग।
- साइलो बंकर निर्माणमा सहयोग।
- भैंसीमा Elite bull को जर्मको विर्यबाट कृत्रिम गर्भाधान।
- दुध प्रशोधन सामाग्री बितरण ।
- कृषि तथा पशुपन्छी विकास उद्यमशिलता कार्यक्रम ।
- सिट्रस ग्रिनिङ्ग रोग व्यवस्थापन ।
- कोल्ड रुम सञ्चालन सहयोग ।
- कृषि तथा पशुपन्छी बिकास उद्यमशीलता।
- मासु निर्यातका लागि राँगा/भैंसी प्रवर्द्धन।
- चैतेधान प्रवर्द्धन कार्यक्रम (क्षेत्रफल बिस्तार, सिँचाई, मेशिनरी/औजार)।
- अन्य कार्यक्रमसंग सम्बन्धित स-साना बैठक, तालिम तथा गोष्ठीहरु ।

## ४. निकायमा रहने कर्मचारी संख्याः

संरचना अनुसार कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जा र जोन प्राविधिक एकाइ, चापाकोट र वालिङ् का कार्यालयहरू रहने गरी संरचना स्वीकृत भए बमोजिम, कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जा र जोन प्राविधिक एकाइ, चापाकोट र वालिङ् का कर्मचारी संख्या र कार्य विवरण यस प्रकार छन्ः

| क्र.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | वरिष्ठ कृषि अधिकृत | १ | १ | ० | |
| २ | कृषि अधिकृत | १ | १ | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | प्राविधिक सहायक | १ | १ | ० | |
| ५ | लेखापाल | १ | १ | ० | |
| ६ | नायव सुव्वा | १ | १ | ० | |
| ७ | पशु विकास अधिकृत (करार) | १ | ० | १ | |
| ८ | नायव प्राविधिक सहायक (करार) | ५ | ३ | २ | |
| ९ | हलुका सवारी चालक | १ | १ | ० | |
| १० | कार्यालय सहयोगी | ३ | ३ | ० | |
| | जम्मा | १५ | १२ | ३ | |

## ५. निकायबाट प्रदान गरिने सेवाः

- यस एकाइ कार्यालयको मुख्य सेवा सुन्तला, कफी, आँप/लिची, अदुवा/बेसार र गाई/भैंसी कृषकहरुसंग सम्बन्धित रहेको छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसारका कार्यक्रम र सो बाहेकका विषय क्षेत्रसंग सम्बन्धित प्राविधिक सेवाहरु समेत एकाइ कार्यालयबाट प्रदान गरिन्छ ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

- वरिष्ठ कृषि अधिकृतले कार्यालय प्रमूखको रुपमा कार्यालयको समग्र कार्यको नेतृत्व गरिरहने ।
- सुन्तला सुपरजोन, स्याङ्जा-
    - प्रविधी बिस्तार शाखाः कृषि अधिकृत १ जना मात्र र प्राविधिक सहायक हाल १ जना, कृषकलाई सेवा प्रदान गरिरहेको ।
    - प्रशासन शाखा - नायब सुब्वा
    - लेखा शाखा - लेखापाल
- सुन्तला सुपरजोनः नायब प्राविधिक सहायक १ जना
- आँप/लिची जोनः नायब प्राविधिक सहायक १ जना
- गाई/भैंसी जोनः नायब पशु सेवा प्राविधिक १ जना

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अबधिः

- दस्तुरः- सूचना बमोजिमको कार्यक्रमको लागि प्रस्तावना/आवेदनमा दस्तुर नलाग्ने
- प्राविधिक सेवाको लागिः कार्यालयबाट भए तुरुन्तै र फिल्डस्तरमा भए जनशक्तिको उपलब्धता अनुसार कार्यालय प्रमूखले तोकेको न्यूनतम समयमा ।
- अन्य अनुदानका कार्यक्रमको हकमा रित पूर्वकका कागजात सहित आवेदन दिए पश्चात प्राविधिकहरुबाट फिल्ड भेरिफिकेसन गरेर तयार गरेको प्रतिवेदन प्राविधिक समितिमा पेश गरी समितिले छनौट गरे बमोजिम एकाइ कार्यालयले तय गरेको तालिका अनुसार ।
- अनुदान भुक्तानीः कार्यक्रम सम्पन्न भइ सम्वन्धित सुपरजोनबाट सबै कागजात सहित पेश भएपछि पालो अनुसार न्यूनतम समयमा

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- निर्णय प्रक्रिया :- तोक, आदेश, टिप्पणी र प्राविधिक समितिको निर्णय ।
- निर्णय गर्ने अधिकारी :- शाखाबाट पेश भएकोमा एकाइ प्रमूख र प्राविधिक समितिमा निर्णय भएकोमा सामुहिक निर्णय प्रणाली ।
- सुपरजोन, जोन क्षेत्र र ब्लक विकास कार्यक्रमको क्षेत्र निर्धारणको हकमा जिल्ला कार्यक्रम कार्यान्वयन समन्वय समितिको बैठक र छलफलबाट ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- शाखाबाट निर्णय भएकोमा — एकाइ प्रमुख।
- प्राविधिक समिति र एकाइ प्रमुखबाट निर्णय भएकोमा — कार्यक्रम निर्देशक वा सम्बन्धित माथिल्लो निकाय।

## १०. सम्पादन गरेको कामको विवरणः- (आ.व.२०८२/०८३ को असार मसान्तसम्म)

- आ.व.२०८२/०८३ को असार मसान्तसम्म यस कार्यालयमा सूचिकृत कृषि सहकारी/ समूह/ फर्म/ उद्यमीको विवरण

| क्र.सं | सहकारी | समूह | कृषि उद्यमी | कम्पनी | प्रविधिक शिक्षालय | जम्मा |
|---|---|---|---|---|---|---|
| **१. सुन्तला** | २२ | ७४ | २१८ | २ | २ | ३१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. आप/लिची | ६ | १ | १३ | | | २० |
| ३. कफी | ९ | १२ | २१ | २ | | ४४ |
| ४. गाई/भैंसी | १५ | ६ | ५१ | | | ७२ |
| ५. अदुवा/बेसार | ८ | ५ | ४ | २ | | १९ |
| **जम्मा** | ६० | ९८ | ३०७ | ६ | २ | **४७३** |

- आ.व. २०८२/०८३ को स्वीकृत चौथो त्रैमासिक कार्यक्रम कार्यान्वयनको प्रगति (असार मसान्तसम्म)

| **क्र.स.** | **सञ्चालित क्रियाकलाप** | **एकाइ** | **लक्ष्य** | **प्रगति** | **खर्च बजेट (रु लाख)** | **प्राप्त उपलब्धिहरु** |
|---|---|---|---|---|---|---|
| १ | उन्नत प्रविधि सहित क्षेत्रफल विस्तार कार्यक्रम (सुन्तला सुपरजोन, आँप लिची जोन, कफी सुपरजोन, अदुवा बेसार) | हेक्टर | १४५ | ११५ | ४७.७२ | सुन्तला ९३ हे., आप लिची १० हे., कफी ७ हे., अदुवा बेसार ५ हे. क्षेत्रफल बिस्तार |
| २ | नर्सरी श्रोत केन्द्र स्थापना/ सुदृढीकरण | संख्या | ३ | ५ | ६.२४ | ३ जाली घर निर्माण, र सुदृढीकरणबाट ५ हजार स्वस्थ बिरूवा उत्पादन |
| ३ | सिँचाई पूर्वाधार निर्माण तथा मर्मत संभार (सुन्तला | संख्या | ७३ | ३० | ४१.५ | १३ हे. सुन्तला, २.०६ हे. आप लिची, १.५५ हे. कफी, ८.५ चैते धान सिंचित, गाई |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुपरजोन, आँप/लिची जोन, कफि सुपरजोन, गाई भैंसी जोन, चैते धान प्रवर्द्धन कार्यक्रम) | | | | | भैंसी मा गाई भैसीलाई पानी, सरसफाईमा सहयोग भई उत्पादन र उत्पादकत्वमा वृद्धि |
| ४ | उद्यमशीलता विकास कार्यक्रम | संख्या | १५ | १५ | ४३.७४ | व्यवसायिक तरकारी खेती ४, अकबरे खुर्सानी खेती २, कुखुरा पालन २, बङ्गुरपालन १, माछापालन १, मौरीपालन ३, सुन्तलाको बोक्राबाट फेस प्याक साबुन १, अचार उत्पादन १ बाट रोजगारी सृजना, आय आर्जनमा बृद्धि |
| ५ | प्राविधिक शिक्षालय सँग व्यवसायिक कृषि उत्पादन सहयोग कार्यक्रम | संख्या | २ | ४ | ४.८१ | १२० बिद्यार्थी लाभान्वित (श्री भाग्योदर मा.बि., श्री पूर्णामृत मा.बी.) |
| ६ | मासु निर्यातको लागि राँगा भैंसी प्रवर्द्धन कार्यक्रम | पटक | २ | ४ | ११.९१ | २ वटा गोठ, १ गोठ सुधार, ५२ पाडापाडी, अन्य मेशिनरी औजार सहयोगबाट मासु उत्पादन बृद्धि, रोजगारी सृजना |
| ७ | कृषि यान्त्रीकरण सहयोग (सुन्तला, चैते धान, गाई भैंसी) | पटक | २७५ | २४७ | ३४.८९ | मिनी टिलर २९, कम्बाईन मिल २१, थ्रेसर २, आरी २९६, सिकेचर ३३१, हेन्ड स्प्रे ६९, चार्जिङ् स्परे ८७, पावर स्प्रे ६, ब्रस कटर २०, चेन च ३१, तराजु ३३, भर्याङ् |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ३२, चाफ कटर ७, दाना प्लेट मेसिन ३, कन्कृट मिक्चर १, ग्राईन्डर २ वितरण गरी लागतमा कमी |

| क्र.स. | सञ्चालित क्रियाकलाप | एकाइ | लक्ष्य | प्रगति | खर्च बजेट (रु लाख) | प्राप्त उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| ८ | लेभलिङ् प्याकेजिङ् सहयोग (अदुवा बेसार, सुन्तला) | पटक | ३ | ३ | ७.०९ | सुन्तलामा कार्टुन, अदुवा बेसारमा कम्बाईन मिल, तराजु, कार्टुन, बोरा सहयोग गरी बजारीकरणमा सहयोग |
| ९ | बगैंचा सुदृढीकरण तथा बाली संरक्षण सेवा (सुन्तला, आँपलिची) | हेक्टर | १२८० | ११८० | २३.७ | सुन्तलामा निलो तुथो, सर्बो तेल, विषादी, शुक्ष्मतत्व वितरण र आँप लिचीमा बोरर, फल कुहाउने औंसा नियन्त्रण गरी बगैंचा सुदृढीकरण, उत्पादनमा वृद्धि |
| १० | गोठ सुधार | संख्या | १०० | ६१ | ९.३७ | पशुलाई स्वच्छ, सुरक्षित र अनुकुल वातावरण प्रदान गरि दूध उत्पादनमा बढाई उत्पादकत्व वृद्धि |
| ११ | चैते धानको क्षेत्र विस्तार | हेक्टर | ३० | ८ | ०.२२ | धान उत्पादनमा बृद्धि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | दुग्ध प्रशोधन सामाग्री वितरण | पटक | ५ | ६ | १.५१ | ४ डि फ्रिज, १ मिल्क क्यान, १ जेनेरेटर वितरणबाट दुधको shelf life वृद्धि |

| क्र.स. | सञ्चालित क्रियाकलाप | एकाइ | लक्ष्य | प्रगति | खर्च बजेट (रु लाख) | प्राप्त उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| १३ | कफीको संकलन प्राथमिक प्रशोधन, लेभलिङ्, प्याकेजिङ्मा सहयोग | संख्या | २ | २ | ०.६३ | १ कफी हलर, १ कफी पल्पर वितरण गरी कफी प्रशोधनबाट मुल्य अभोवृद्धिमा सहयोग |
| १४ | साईलो बंकर निर्माण | संख्या | ५ | ५ | १०.६३ | पशु आहारा सुनिश्चित गरी पशुको उत्पादकत्व वृद्धि |
| १५ | घाँसको बीउ वितरण | हेक्टर | १० | ७ | ०.७३ | पशु आहारा सुनिश्चित गरी पशुको उत्पादकत्व वृद्धि |
| १६ | विगत आ.व. मा निर्माण भएका कृषि पुर्वाधारहरुको प्रभावकारी संचालनका लागि थप सहयोग कार्यक्रम | संख्या | १ | १ | ९.१५ | १० मे.ट. बीउ भण्डारणमा सहयोग |

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पदः

- सूचना अधिकारी —कृषि अधिकृत श्री प्रतिभा वुढाथोकी क्षेत्री (९८५६०५२९४५)
- कार्यालय प्रमुख — श्री अजय अधिकारी (९८५६०५०००८)

## १२. ऐन, नियम, विनियम र निर्देशिकाको सूचीः

- कार्यक्रम कार्यान्वयन म्यानुअल २०७७ पहिलो संशोधन २०८१
- कृषि सम्बन्धी ऐन कानुनहरु
- सुशासन सम्बन्धी ऐन तथा नियमावली

## १३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जा**
**आ.व. ०८२/०८३ को चौथो त्रैमासिक प्रगति**

| | रू लाखमा | | प्रतिशत | |
|---|---|---|---|---|
| | बजेट | खर्च | भारित प्रगति | वित्तीय प्रगति |
| चालु | २३०.८४ | १५५.३७ | ८६.८४ | ६७.३० |
| पुजीगत | १२.५ | १२.५ | ६४ | १०० |
| जम्मा | २४३.३४ | १६७.८७ | ८५.६७ | ६८.९८ |

**आ.व. ०८२/०८३ को वार्षिक महिनाको प्रगति**

| | रू लाखमा | | प्रतिशत | |
|---|---|---|---|---|
| | बजेट | खर्च | भारित प्रगति | वित्तीय प्रगति |
| चालु | ६००.१२ | ३९५.६९ | ८२.५ | ६५.९४ |
| पुजीगत | ७० | ४१.८९ | ६९.५ | ५९.८४ |
| जम्मा | ६७०.१२ | ४३७.५९ | ८१.४२ | ६५.३० |

## १४. आ.व. २०८२/८३ मा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम (कृषक र प्राविधिक)

| क्र.सं. | कार्यक्रमको नाम | सम्पन्न संख्या | कुल सहभागी संख्या | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | स्थलगत तालिम | ११ | ४०० | १५९ | २४१ |
| २ | जिल्लास्तर तालिम | २ | ४६ | ११ | ३५ |
| ३ | बिभिन्न गोष्ठी | ७ | २५९ | ७४ | १८९ |
| ४ | अवलोकन भ्रमण | १ | ३३ | ११ | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | **२१** | **७३८** | **२५५** | **४८७** |

**१५. वेभसाईटको विवरणः**

website: piusyangja.pmamp.gov.np

email: pmamp.piu.syangja@gmail.com - कार्यक्रम कार्यान्वयन एकाइ, स्याङ्जा

**१६. सूचनाहरु प्रकाशन हुने अन्य माध्यमहरुको विवरणः**

१. सूचना पाटी

२. वेभसाइट

३. Facebook पेजः NAMP, PIU, Syangja